सखुवानन्कारकट्टी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सखुवानन्कारकट्टी, सिरहा

प्रदेश नं. २, नेपाल

पत्र संख्या : २०७७/०७८
चलानी नं.: १६२३

मिति : २०७८।०३।१० गते

**विषय : विवरण पठाएको सम्वन्धमा ।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार काठमाडौं, स्थानीय तह समन्वय शाखा ।

उपर्यूक्त सम्बन्धमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं, स्थानीय तह समन्वय शाखाको पत्र संख्या २०७७।०७८ च.नं. ५३८ मिति २०७८।०३।१० गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो सो सम्वन्धमा यस गाउँपालिकाले अगामी आर्थिक वर्ष २०७८।०७९ को राजस्व र व्ययको अनुमान मिति २०७८।०३।१० गतेमा गाउँ सभामा पेश गरी सभावाट अनुमोदन समेत भई सकेको व्यहोरा अनुरोध छ ।

...................
रामकिशोर महतो
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :**
श्री जिल्ला समन्वय समितिको कार्यालय, सिरहा ।



Scanned with CamScanner

# सखुवानन्कारकट्टी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सखुवानन्कारकट्टी, सिरहा

प्रदेश नं. २, नेपाल

नवौं गाउँ सभाको बैठकमा

## गाउँपालिका अध्यक्ष श्री केदार नाथ यादव द्वारा प्रस्तुत


आर्थिक वर्ष २०७८/७९ को

## नीति, कार्यक्रम तथा वजेट

मिति २०७८ अपाढ १० गते **विहिवार**



Scanned with CamScanner






Scanned with CamScanner

# सखुवानन्कारकट्टी गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ यादव ज्यूबाट प्रस्तुत सखुवानन्कारकट्टी गाउँपालिकाको नवौं गाउँ सभावाट पारित हुने आ.व.२०७८/०७९ को नीति, बजेट, कार्यक्रम तथा अन्य निर्णय सम्वन्धी संक्षिप्त वक्तव्य

.................................................

सखुवानन्कारकट्टी गाउँपालिकाको नवौं गाउँ सभाबाट पारित हुने आ.व. २०७८/०७९ को नीति, बजेट, कार्यक्रम तथा अन्य निर्णयहरु ।

प्रमुख अतिथी माननीय अशोक कुमार यादव ज्यू,

उपाध्यक्ष ज्यू ,

वडा अध्यक्ष ज्यूहरु ,

कार्यापालिका सदस्य ज्यूहरु,

गाउँ सभाका सदस्य ज्यूहरु,

प्रमुख प्रशासकिय अधिकृत ज्यू,

आर्थिक प्रशासन प्रमुख ज्यू,

विषयगत शाखाको संयेजक ज्यूहरु

वडा सचिव ज्यूहरु, तथा उपस्थित अन्य कर्मचारी, समाजसेवी तथा सहयोगी साथीहरु ।

यस सभामा उपस्थित अन्य महानुभावहरु समेत ।

यस सखुवानन्कारकट्टी गाउँपालिकाको नवौं गाउँ सभाबाट आ.व. २०७८/०७९ को नीति, वजेट, कार्यक्रम तथा अन्य निर्णयहरु प्रस्तुत हुने समारोहको शुभ घडीमा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुलाई नयाँ नेपालको परिकल्पना भित्र सखुवानन्कारकट्टी गाउँपालिकाको उज्वल भविष्य सुनिश्चित गर्ने सोचका साथ सखुवानन्कारकट्टी गाउँपालिकाको नवौं गाउँ सभावाट पारित हुने आ.व. २०७८/०७९ को नीति बजेट तथा कार्यक्रम एवं अन्य निर्णयहरु प्रस्तुत हुने समारोहको यस गरिमामय अवसरमा आफनो अमूल्य समय दिई हाम्रो निमन्त्रणालाई सहजरुपमा स्वीकार गरी समारोमा पाल्नु भएकामा सवै महानुभावहरुमा म आफनो व्यक्तिगत तर्फवाट र सखुवानन्कारकट्टी गाउँपालिकाको तर्फ वाट हार्दिक स्वागत र सम्मान व्यक्त गर्दछु ।

आफनो क्षेत्रको विकासको लागि स्रोत साधनको सन्तुलित परिचालन विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समानरुपमा वितरण गरी सामाजिक समानता कायम गर्न विकासमा सवै वर्गका जनताको सहभागिता अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न नेपालको संविधान एवं स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम व्यापक अधिकार प्राप्त गाउँ सभावाट पारित हुने आ.व. २०७८/०७९ को नीति बजेट तथा कार्यक्रम एवम सभाका निर्णयहरु सम्पुर्ण गाउँसभाका सदस्यहरु समक्ष प्रस्तुत गर्न पाँउदा म लगायत सिंगो गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ विभिन्न काल खन्डमा भएका एतिहासिक संघर्ष र जन आनदोलन तथा मधेश आन्दोलनमा देश र जनताको लागि आफनो प्राण उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात महान शहीदहरुप्रति अत्यन्त निष्ठापुर्वक आफनो श्रद्धा सुमनअर्पण गर्दै वहाहरुको आत्माको चिर शान्तिको कामना गर्दछु र सम्पूर्ण सहिद परिवारहरु प्रति सम्मान समेत व्यक्त गर्दछु । साथै विभिन्न चरनका आन्दोलनका क्रममा घाइते भइ शारीरीक तथा मानसिक रुपमा अशक्त हुनु भएका व्यक्तिहरुप्रति हार्दिक साहुनुभुति प्रकट गर्दै वहाहरुको सहज जीवन यापनको कामना गर्दछु ।



Scanned with CamScanner

आदरणीय सम्पूर्ण महानुभावहरु ,

विकास प्रक्रियालाई सरल, सहज, जनमुखि, पारदर्शी एवं प्रभावकारी रुपमा अगाडी बढाउन व्यवस्थित योजना तर्जुमालाइ पुर्व शर्त मानिन्छ । जनताले आफ्नो आवश्यक्तालाई सम्बोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन् भन्ने अवधारण अनुरुप न्युन्तम समयको उपयोग गर्दै आ.व. २०७८/०७९ को लागि टोल-टोल बस्ति-बस्ति बाट सहभागिता मुलक पद्धती अनुसार योजना संकलन गरी वडा भेला बाट प्रस्तावित योजना तथा कार्यक्रम उपर गाउँ कार्यपालिका मा छलफल गरी तयार पारिएको एकीकृत योजना को नीति आजको यो नवौ गाउँ सभामा पारीत गर्नको निमित पेश गर्दछु । प्रस्तुत बजेट योजना, तथा कार्यक्रम यसैआर्थिक वर्ष भित्रै समपन्न हुने गरी तयार पारेको छु । सखुवानन्कारकट्टी गाउँपालिकाको विद्यमान सम्भावनाहरुलाइ समान प्रथमिकताका साथ गम्भिर भएर परिचालन गर्नु पर्ने चुनौती हामी सामु आएको छ । जसको सामना विकासमा सहमतिको नाराले मात्र गर्न सकिने देखिन्छ । सखुवानन्कारकट्टी गाउँपालिकालाई सही दिसा प्रदान गर्न विगतका प्रयासहरुको समिक्षा गरी त्रुटी हरुलाइ दोहरीन नदीई सफलताहरुको अनुकरण तथा परिवर्तित सन्दर्भलाइ सम्बोधन गर्ने गरि नयाँ अभ्यासहरुको थालनी गर्नु अनिवार्य देखिएको छ ।

आदरणीय महानुभावहरु,

सबैसकारात्मक उपलब्धि हुँदाहुँदै पनि सखुवानन्कारकट्टी को अर्थतन्त्र चुनौती रहित भने छैन । अर्थतन्त्रमा देखिएका मूलभुत चुनौतीहरुलाई सामना गर्न देहाय बमोजिमको नीति यस गाउपालिकाले लिएको छ ।

विकासका आर्थिक विकास सामाजिक विकास पुर्वाधार विकास राजनैतीक तथा प्रशासनिक विकाससमा गत विगत भन्दा आर्थिक वर्ष २०७७।०७८ मा धेरै चुनौतीहरुलाइ सामना गर्दै साकारातमक उपलब्धि भएको कुरा आमजन्तालाइ महसुस भएको छ । तथापी चुनौती रहीत भन्ने छैन त्यसैले विकासका हरेक पक्षमा भएका समस्याहरुलाई औंल्याउँदै त्यसमा आएका चुनौतीहरुलाइ सामना गर्दै सकारात्माक उपलब्धि हासिल गर्ने उदेश्य लिइ आर्थिक वर्ष २०७८/०७९ को बजेट तयार गरिएको छ ।

आदरणीय महानुभावहरु,

अब म यस गरिमामय समारोह समक्ष गाउँ सभाबाट पारित हुने आर्थिक वर्ष २०७८/०७९ को मुख्य मुख्य नीति, योजना तथा कार्यक्रमहरुको बारेमा संक्षिप्त रुपमा प्रकाश पार्ने अनुमति चाहन्छु । विस्तृत विवरण पछि पुस्तकमा प्रकाशन हुने गरी सभभवन अधिकास्न मानिसहरुको हातमा पुर्याउने छु ।

**आर्थिक बर्ष २०७७।०७८ मा गाउँ सभाले पारीत गरेका नीति तथा कार्यक्रमहरु मध्ये कार्यन्वयन भईसकेको नीति तथा कार्यक्रमहरु बाहेक चालु अवस्थामा रहेको नीति तथा कार्यक्रम र कार्यन्वय गर्न बाँकी रहेका नीति तथा कार्यक्रमहरुलाइ यस आ.ब. २०७८।०७९ मा प्राथमिक्ताका साथ निरन्तरता दिईनेछ ।**

पूर्वाधार तथा संरचना विकास

१. यस गाउँपालिकालाई विकास उनमुख तथा आधारभुत सिटीको रुपमा स्थापित गर्न गुरुयोजना भैसकेको छ । सोही अनुरुप पुर्वाधार विकास गरिनेछ ।
२. आम नागरिकलाई विद्युतीय माध्यमको सूचना प्रविधिको पहुचमा राखनलाई प्रत्येक गाउँ, टोलमा फि इनटरनेटको सेवा सुविधा उपलब्ध गराईनेछ ।
३. वडा समितिको सिफारिस तथा गाउँ कार्यपालिकाबाट पेश भै आएको योजनाहरुलाइ प्रथमिकता एवं सम्भाव्यता अध्ययन र लाभन्वित वर्गको आधारमा कार्यान्वयन गरिनेछ ।



Scanned with CamScanner

४. ऐतिहासिक एवं धार्मिक, संस्कृतिक महत्वका पोखरीहरु तथा स्थलहरुलाई व्यवस्थित गरिनेछ।

५ गाउँमा पुर्वाधार विकास को निमित निजि तथा गैर सरकारी क्षेत्रको लगानी भित्र्याईनेछ।

६. पुरानो बजारहरुलाइ क्रमश: सुधार गरी सडक चौडा (फराकिलो) गर्ने, ढल तथा नालाको व्यवस्था गरीने छ।

७ पुर्वाधारका कार्यक्रम संचालन गर्दा अपाङ्गमैत्रि,बालमैत्री,वातावरणमैत्री मापदनण्ड बमोजिम गरिनेछ।

८. आवश्यकता अनुसार अन्य पुर्वाधार निर्माण गरिनेछ।

९. मा राजदेवी मन्दिर पोतांहाक्षेत्रलाई पर्यटकीय स्थलको रुपमा, स्थापित गर्न पर्यटकीय सम्वर्द्धन प्रवर्द्धनको लागि पहल गरिनेछ।

१०. राम जानकी पार्क इंटहवांलाई पर्यटकीय स्थलको रुपमा, स्थिापीत गर्न पर्यटकीय सम्वर्द्धन प्रवर्द्धनको लागि पहल गरिनेछ

११. श्री रामजानकी पर्यटकीय स्थल सखुवानन्कारकट्टी ४ लाई पर्यटकीय सम्वर्दधन प्रवंधनकोलागि पहल गरिनेछ।

**जनसंख्या तथा सामाजिक विकास:-**

१ जनस्तरबाट सञ्चालित सामुदायिक विद्यालयहरुलाइ गाउँपालिकाबाट अनुगमन गरी आवश्यक सहयोग गर्ने नीति लिईनेछ।

२ खेलकुदको स्तर विकास गर्न गाउँपालिका क्षेत्रका खेलाडीहरुलाइ प्रोत्साहनको लागी गाउँपालिकाबाट सम्मान तथा मासिक रुपमा भत्ता उपलब्ध गराउनेछ।

३ गरिब, दलित, विपन्न, अल्प संख्यक तथा सीमान्तकृत महिलाहरुको उत्थान र सशक्तिकरणमा विशेष जोड दिईनेछ।

४ स्थानीय मेलमिलाप मध्यस्थताको व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ।

५. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ।

**महिला, बालबालिका तथा अन्य लक्षित वर्ग:-**

१ विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।

२ बाल क्लब गठनलाइ प्रथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्रथमिकताका साथ कार्यन्वयन गरि बालमैत्री गाउँपालिका तुल्याउने नीति अंगीकार गरिने छ।

३ दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रवर्द्धन एवं निर्णय प्रक्रियाको मुलधारमा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरण क्षमता विकास सीप विकास एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ।

**वातावरण संरक्षण, खानेपानी तथा सरसफाई:-**

१ गाउपालिका क्षेत्रलाइ धुवामुक्त वनाउनका निमित गाउपालिका क्षेत्र भित्रमा पर्ने सम्पुर्ण घर धुरीलाइ निशुल्क ग्यास चुल्हो र सिलिन्डर समेत गाउपालिकाले निशुल्क उपलब्ध गराउने नीति लिइनेछ।

२ खाली पर्ती जग्गामा उपभोक्ता समुह विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरिने छ।

३ यस गाउँपालिकालाइ पूर्ण सरसफाई युक्त तुल्याउन उत्तर खुला दिसा मुक्त (Post ODF) सम्बन्धी कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी सरसफाइमा आवश्यक जनशक्ति व्यवस्थापन गरी नमूना गाउँपालिकाको रुपमा स्थापित गरिने छ।

४ स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि ओभरहेड टयांक निर्माण तथा आर्टिजन कल जडान कार्यलाई



Scanned with CamScanner

प्रथमिकता दिई सो को लागि सम्वन्धित निकायहरुमा पहल गरिने छ ।

५. स्वच्छ खानेपानिमा सवैको पहुचको लागि हयान्ड पाईप खरिद तथा जडानको अवधारणा ल्याईनेछ । तर दलित, गरीव, असाहय विपन्न तथा अल्पसंख्यक परिवारलाई प्राथमिकता दिई उक्त कार्यलाई अभियानको रुपमा अगाडी वढाईनेछ ।

**शिक्षा तथा स्वास्थय:-**

१. विद्यार्थी भित्र अनतरनिहित प्रतिभालाई प्रस्फुटनका लागि विभिन्न शैक्षिक तथा खेलकुद कार्यकमलाई निरन्तरता दिईनेछ ।

२. सामुदायिक विद्यालयका जनशक्ति क्षमता अभिवृधि कार्यकमलाई निरन्तरता दिईनेछ ।

३. सामुदायिक विद्यालयहरुलाई हरित विद्यालय वनाउने अवधारणाको नीति लिईनेछ ।

४. सामुदायिक विद्यालयहरुमा वालमैत्री विद्यालयको अवधारणालाई स्थापित गरिनेछ ।

५. यस गाउँपालिका क्षेत्र भित्रमा रहेको दीघ रोगी :- क्यान्सर, सुगर, बलड प्रेसर र दम रोगिको लागि निशुल्क औसधीको व्यवस्था गरिनेछ ।

६. साक्षरता कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरि यस गाउँपालिकामा निरक्षरता उन्मूलन गरिने छ ।

७ दुई वटा स्वास्थ्य चौकी वा वर्थिङ सेन्टर ना ल्याव व्यवस्थापन गरिनेछ ।

८. प्रत्येक विद्यालयको विद्यार्थीहरुलाई पोशाकमा एकरुपताको लागि गा.पा. वाट निःशुल्क पोशाक वार्षिक रुपमा उपलव्ध गराईनेछ ।

९. सम्पूर्ण सामुदायिक विद्यालयको प्रत्येक कक्षा कोठामा शुद्ध खानेपानी को व्यवस्था गरिनेछ ।

१० गाउँ क्षेत्रमा सुविधा सम्पन्न अस्पताल निर्माणको लागि विशेष पहल गरिने छ ।

११ गाउँपालिका क्षेत्र भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिने छ ।

१२ सामुदायिक विद्यालयहरुलाई पूर्वाधार सम्पन्न वनाईने छ ।

१३. अन्तर विद्यालय, शिक्षण अवधारणालाई निरन्तरता दिईनेछ ।

१३ शैक्षिनक कियाकलापलाई प्रविधियुक्त वनाउन प्रत्येक विद्यालयलाई ईन्टरनेट सुविधा उपलव्ध गराईनेछ ।

१४. कोभिड-१९ महामारीको व्यवस्थापनको निमित जुनसुकै वखत कार्यपालिकाको निर्णय वमोजिम व्यवस्था वनाई व्यवस्थापन गरिनेछ ।

**कृषि विकास तथा सहकारी:-**

१. कृषि क्षेत्रलाई प्रवर्द्धनको लागि नेपाल विद्युत प्राधिकरण सग समन्वय गरी किसानहरुलाई कृषि प्रयोजनको लागि निशुल्क (फि) विजुली उपलव्ध गराईनेछ ।

२. कृषि तथा पशु पालन क्षेत्रको विकासमा कृषक समुह समिति सहकारी गैर सरकारी संस्थाहरुसंग साझेदारी गर्ने नीति अवलम्वन गरिने छ ।

३ गाउँपालिका क्षेत्रका उर्वर भूमिलाइ सिंचित गर्न निशुल्क सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ ।

४ गाँउको उत्पादन वजारमा वजारीकरण गर्नका निमित उचित व्यवस्था गरिनेछ ।

५ कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिईनेछ ।

६ हरियो घासको खेतिलाइ वढाँवा दिइ विविध पशुजन्य उत्पादनलाई संवर्द्धन प्रवर्द्धन गरिनेछ ।

७ राष्ट्र कृषक समूह महासंघ र सखुवानन्कारकट्टी गा.पा. विच साझेदारीमा सचालित करार खेती पोषन कार्यकमलाई थप विस्तार गरी सुदृढिकरण गरिनेछ ।



Scanned with CamScanner

राजस्वः-

१. एकीकृत सम्पति कर लागु गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिने छ।

२. उद्योग व्यवसायी संगको सहकार्य र समन्वयमा व्यवसाय करलाइ व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाइ करको दायरामा ल्याइने छ।

३. वार्षिक रु १ लाख भन्दा बढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाइ विषेश रुपले पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइने छ ।

४. गाउँपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिइ घरदैलो सेवा उपल्बध गराइने निति अवलम्बन गरिनेछ।

५. नक्सा पास नभइ बनेका घरहरुलाइ व्यवस्थित गर्न केहि समय को लागि नक्सा पास दस्तुर छुट गरी सबै निर्मित घरहरुको नक्सा पास गराउने नीति अवलम्बन गरिनेछ।

प्रशासन सुशासन तथा पारदर्शिताः-

१. गाउँपालिका कार्यालयका प्रत्येक शाखाको अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापन मा समायानुकुल सुधार्दै लगिनुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्यविवरण तयार गरि अद्यावधिक गर्दै लगिनेछ।

२. गाउँपालिका कर्मचारीहरुलाइ नेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ता वापतको रकम उपलब्ध गराइ तोकिएको पोशाक र परिचय पत्र अनिवार्य रुपमा लगाउने व्यवस्था गरीने छ।

३. कार्यलयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राही प्रति मर्यादित पुर्न व्यवहार गर्ने नितिलाइ प्रभावकारी बनाइने छ।

४. e-governance को अवधारना बमोजिम गाउँपालिकाको क्रियाकलापलाइ लगिने नीति लिइनेछ।

५. समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणली लाई सुदृढीकरण गर्नको निमित स्रोत साझेदारी गरी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. गाउपालिका क्षेत्रमा सुशासन तथा अनुशासन कायमा गर्न गाउ (नगर) प्रहरीको व्यवस्था गरिनेछ।

धार्मिक सांस्कृतिक :-

1. सखुवानन्कारकट्टी गाउपालिकाले आफनो धार्मिक सास्कृतिक परम्परा, रितिरिवाजलाई सरक्षण संवर्द्धन गर्नेछ र आफनो पहिचानलाइ राष्ट्रिय तथा अनतराष्ट्रिय स्तरमा परिचित गराउन वर्षमा १ (एक) चोटी सखुवानन्कारकट्टी गाउपालिका झण्डा महोत्सव समारोह आयोजना गरिनेछ।

अन्य :-

1. कोभिड-१९ लाई मध्यनजर राखि बेरोजगारमा रहेका युवा तथा दक्ष, अर्द्धदक्ष तथा अदक्ष जनशक्तिलाई सोहि बमोजिम व्यवस्थापनको लागि लघु उद्यम, सीपमुलक तथा अन्य आय आर्जन कार्यक्रमलाई प्राथमीकता दिईनेछ।

२. यस गाउपालिकावाट संचालन भएको वा हुने सबै प्रकारक पूर्वाधार वा अन्य बहुवर्षिय योजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ।

३. सिलाई कटाई सीप युक्त गरिव, विपन्न तथा अल्पसंख्यक जनशक्तिलाई निशुल्क सिलाई कटाई मेशिन वितरन गरिनेछ।



Scanned with CamScanner

आदर्निय माहानुभावहरु,

माथि उलेखित क्षेत्रगत नीतिहरुको सफल कार्यनव्यन गर्न नवौ गाउँ सभामा आर्थिक वर्ष २०७८/०७९ को लागि देहाय बमोजिमको आय व्यय सम्मानित सभा समक्ष निवेदन गर्न चहान्छु । कुल वार्षि वजेट रु ३१९४०४०००।- (एकतीस करोड चौरानवे लाख चार हजार मात्र) अनुमान गरीएको छ

| आय तर्फ | | | कैफियत |
|---|---|---|---|
| सि.नं. | विवरण | रकम | |
| १ | आ.व.२०७७/७८ को अ.ल्या.वजेट | ५०००००० | ५० लाख |
| | संघिय सरकार | | |
| | प्रदेश सरकार | | |
| | अन्य श्रोत तर्फ | | |
| | आन्तरिक आम्दानी तर्फको | | |
| २ | संघिय सरकारको अनुदान | २९६२६१००० | २९ करोड ६२ लाख ६१ हजार |
| | वितिय समानीकरण | ८७६००००० | ८ करोड ७६ लाख |
| | शसर्त अनुदान | १४११००००० | १४ करोड ११ लाख |
| | सम्पुरक अनुदान | १२५००००० | १ करोड २५ लाख |
| | राजस्व वाडफाट | ५५०६१००० | ५ करोड ५० लाख ६१ हजार |
| ३ | प्रदेश सरकारको अनुदान | | |
| | वितिय समानीकरण | ५६७३००० | ५६ लाख ७३ हजार |
| | प्रदेश समपुरक | २०००००० | २० लाख |
| | प्रदेश विशेष | ३०००००० | ३० लाख |
| | शसर्त अनुदान | | वजेट आएका वखत पेश हुनेछ । |
| | सवारी साधन करको वाँडफाँट | | वजेट आएका वखत पेश हुनेछ । |
| ४ | अन्य श्रोत तर्फ | | वजेट आएका वखत पेश हुनेछ । |
| | समाजिक सुरक्षा | | वजेट आएका वखत पेश हुनेछ । |
| | सडक वोर्ड नेपाल | | वजेट आएका वखत पेश हुनेछ । |
| | स्थानीय शासन सामुदायिक विकास कार्यक्रम | | वजेट आएका वखत पेश हुनेछ । |
| | अन्य | | वजेट आएका वखत पेश हुनेछ । |
| ५ | आन्तरिक आम्दानी तर्फ | ७५००००० | ७५ लाख |
| | जग्गा रजिष्ट्रेशन शुल्क (मालपोत) | २३००००० | २३ लाख |
| | ठेक्का वन्दोवस्ती | | |
| | पोखरीहरुको ठेक्का वापत | २००००० | २ लाख |
| | हाटवजारहरुको ठेक्का वापत | ३००००० | ३ लाख |
| | विज्ञापन कर | २५००० | २५ हजार |
| | व्यावसाय कर | ३००००० | ३ लाख |
| | सम्पती कर | ५००००० | ५ लाख |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | घर नक्शा पास दस्तुर | ३००००० | ३ लाख |
| | भुमि कर | ५००००० | ५ लाख |
| | घर वहाल कर | ५०००० | ५० हजार |
| | **मनोरंजन कर** | **१००००००** | १ लाख |
| | सिफारिस दस्तुर | ५२५००० | ५ लाख २५ हजार |
| | व्यक्तीगत घटना दर्ता | २००००० | २ लाख |
| | नाता प्रमाणित | १००००० | १ लाख |
| | **दण्ड जरिवाना** | **१०००००** | १ लाख |
| | अन्य कर दस्तुर शुल्क आदि | २००००० | २ लाख |
| | **कुल अनुमानित आय** | **३१९४०४०००** | ३१ करोड ९४ लाख ४ हजार |

उपरोक्त उल्लेखित रकम बाहेक नेपाल सरकारवाट प्राप्त हुने रकम प्राप्त भएका बखत समेत सभामा पेश गरिनेछ। यसै गरी व्यय तर्फ राजश्व बाँड फाँड वाट प्राप्त रकम चालु खर्च तर्फ खर्च हुन्छ भन्ने शसर्त अनुदान वाट प्राप्त रकम तोकिएकै कार्यक्रम वमोजिम खर्च हुने छ। समानिकरण वाट प्राप्त रकम पुर्णतया विकास कार्यक्रम्मा खर्च हुने छ।

<u>योजना तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयलाई आधारको रुपमा लिईएको छः</u>

- नेपालको संविधानको भाग ४ मा उल्लिखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु।
- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार,भाग १९ को आर्थिक कार्यप्रणाली।
- नेपालको संविधानको अनुसूची - ८ वमोजिम कर लगाउन पाउने क्षेत्र।
- पन्ध्रौं त्रिर्यवर्षिय योजना।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४।
- योजना तर्जुमा दिग्दर्शन २०७४।
- श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान।
- वजेटको सिद्धान्त उद्देश्य र प्रथमिकता।
- अन्य वजेट सम्वन्धी उपलब्ध सामग्रीहरु।

<u>वजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु</u>

१. स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन
२. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण
३. वस्ती / टोल स्तरवाट योजना छनौट
४. वडा स्तरीय योजना प्रायमिकिकरण
५. एकीकृत वजेट तथा कार्यक्रम तर्जुमा
६. कार्यपालिकावाट स्वीकृती
७. सभावाट स्वीकृति

<u>आयोजना प्राथमिकीकरणका मुख्य आधारहरु</u>

- ❖ गरिवी न्यूनिकरण, रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने,
- ❖ क्रमागत , उत्पादनमूलक र छिटो प्रतिफल दिने
- ❖ आन्तरिक राजस्व वृद्धि र परिचालनमा योगदान पुर्याउने,
- ❖ स्थानीय श्रोत, साधन श्रम, सीप र प्रविधिमा आधारीत,
- ❖ जनसहभागिता अभिवृद्धि गर्ने,
- ❖ लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- ❖ दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनम योगदान पुर्याउने,
- ❖ स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने
- ❖ सेवा प्रवाह ,संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,
- ❖ स्थानिय तहले आवश्यक देखेका अन्य विषयहरु।

**<u>धन्यवाद</u>**



Scanned with CamScanner